## प्रेस बिगप्ति

मिति: २०७१.९.२२

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**

**र**

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान बीच सामाजिक परिचालन कार्यक्रमको राष्ट्रिय सेवा प्रदायकको रुपमा कार्य गर्ने सम्बन्धमा भएको सम्झौता**

आजको मितिमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान बीच सामाजिक परिचालन कार्यक्रम सञ्चालनकालागि राष्ट्रिय सेवा प्रदायकको रुपमा कार्य गर्न सम्झौता गरिएको छ । सम्झौताको अवधि जुन, २०१७ सम्म रहेको छ ।

यो कार्यक्रम लाई सामाजिक परिचालनका क्षेत्रमा आवश्यक सल्लाह सुझाव दिन, नीतिगत निर्णयहरुमा सहयोग पुर्‍याउन, गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा स्थानीय सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्न, सामाजिक परिचालन सम्बन्धी तालीम दिग्दर्शन, हाते पुस्तिका आदि सामाग्रीहरु तयार गर्न तथा सामाजिक परिचालन कार्यक्रमको समग्र व्यवस्थापनमा सहयोग गर्ने गरी राष्ट्रिय सेवा प्रदायकको रुपमा परिचालन गरिनेछ ।

राष्ट्रिय सेवा प्रदायक मार्फत सामाजिक परिचालन कार्यक्रमलाई जिल्ला तथा नगरपालिका रहेका समितिको पहल र संयोजकत्वमा स्थानीय स्तरमा अन्य संघसंस्थाले सञ्चालन गरेका यस्तै कार्यक्रमहरुसँग एकरुपता कायम गरिनेछ । सामाजिक परिचालन कार्यमा सं लगन सरोकार निकायको क्षमता बिकाश गरि स्थानीय स्तरमा यो कार्यक्रमलाई सशक्त बनाउदै, उनीहरुको अनुगमन गर्ने, संयोजन गर्ने र जिल्लामा सञ्चालित सबै सामाजिक परिचालनका कार्यहरुलाई निर्देशित गर्ने कार्यलाई सवल बनाउनु उद्देश्य रहेको छ । यी सबैकार्यका लागि राष्ट्रिय सेवा प्रदायकले परिमार्जित सामाजिक परिचालनको विधि र प्रक्रिया तथा त्यसको गुणस्तरको समेत सुनिश्चितता गरि कार्य संचालन गर्ने छ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले नागरिकहरुलाई सशक्तिकरण गर्दै स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने उद्देश्य सहित सबै स्थानीय निकायमा संचालन छ।